**बराहक्षेत्र नगरपालिका**

# छाडा चौपाया नियन्त्रण तथा व्यवस्थापन कार्यविधि, २०७६

नगर कार्यपालिकाबाट स्वीकृत मितिः २०७६।०३।०८

पहिलो संशोधन मिति : २०७६।०८।१३

**प्रस्तावनाः**

बराहक्षेत्र नगरपालिका क्षेत्रभित्र छाडा छोडिएका चौपायाहरुको कारणबाट कृषकहरुले लगाएका अन्नवाली बर्षेनी नष्ट भै रहेको, छाडा छोडिएका चौपायाका कारण बजार क्षेत्र आसपासका खेती योग्य जग्गाको बाझोपन वढ्ने क्रममा रहेको, सडक दुर्घटना बढेको, पराम्परागत रुपमा राष्ट्रिय जनावरका रुपमा रहेका पशु पशुपन्छीको महत्व पनि घट्दै जान सक्ने देखिएकोले छाडा चौपाया नियन्त्रण तथा व्यवस्थापन गर्न आवश्यक भएकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ मा रहेको व्यवस्था बमोजिम बराहक्षेत्र नगर कार्यपालिकाद्वारा यो कार्यविधि बनाई लागू गरिएको छ ।

## परिच्छेदः- १

## प्रारम्भ

१. संक्षिप्त नाम र प्रारम्भः (क) यो कार्यविधिको नाम “छाडा चौपाया नियन्त्रण तथा व्यवस्थापन कार्यविधि, २०७६” रहेको छ ।

ख) यो कार्यविधि नगर कार्यपालिकाबाट स्वीकृत भएको मिति देखि लागू हुनेछ ।

२. परिभाषाः  बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) “ऐन” भन्नाले स्थानीय सरकार सञ्चान ऐन, २०७४ लाई सम्झनु पर्दछ ।

(ख) “नगरपालिका” भन्नाले बराहक्षेत्र नगरपालिकालाई सम्झनु पर्दछ ।

(ग) “कार्यपालिका” भन्नाले बराहक्षेत्र नगर कार्यपालिकालाई सम्झनु पर्दछ ।

(घ) “कार्यालय” भन्नाले नगरपालिका रहेको कार्यालयलाई सम्झनु पर्दछ ।

(ङ) “छाडा चौपाया” भन्नाले बेवारिसे रुपमा नगर क्षेत्रमा छाडिएका गाई, गोरु, बाच्छा-बाच्छी, राँगा-भैसी, पाडा-पाडी, सुगुर-वंगुर, खसी-बाखा, पाठा-पाठी, बोका लगायतका वेवारिसे चौपायाहरुलाई सम्झनु पर्दछ ।

(च) “पालन क्षेत्र” भन्नाले छाडा चौपायाहरुलाई व्यवस्थित रुपमा पाल्नका लागि नगरपालिका क्षेत्र भित्र तोकिएको क्षेत्रलाई सम्झनु पर्दछ ।

(छ) “चरन क्षेत्र” भन्नाले छाडा चौपायाहरुलाई व्यवस्थित रुपमा पाल्नका लागि नगरपालिका क्षेत्र भित्र तोकिएको चरनयोग्य जग्गालाई सम्झनु पर्दछ ।

(ज) “सभा” भन्नाले नगरपालिकाको सभालाई सम्झनु पर्दछ ।

(झ) “प्रमुख” भन्नाले बराहक्षेत्र नगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्दछ ।

(ञ) “उप प्रमुख” भन्नाले नगरपालिकाको उप-प्रमुख लाई सम्झनु पर्दछ ।

(ट) “प्रमुख पशासकिय अधिकृत” भन्नाले बराहक्षेत्र नगरपालिकाको प्रमुख प्रशासकिय अधिकृतलाई सम्झनु पर्दछ ।

(ठ) “वडा अध्यक्ष” भन्नाले सम्वन्धित वडावाट निर्वाचित वडाअध्यक्ष सम्झनु पर्दछ ।

(ड) “सचिव” भन्नाले सम्वन्धित वडा सचिवलाई सम्झनु पर्दछ ।

(ढ) “समिति” भन्नाले यस कार्यविधि बमोजिम गठित समितिलाई जनाउने छ ।

(ण) “नगरक्षेत्र” भन्नाले बराहक्षेत्र नगरपालिका भित्र रहेका सबै वडाले समेट्ने क्षेत्रलाई सम्झनु पर्दछ ।

(त) “कार्यविधि” भन्नाले छाडा चौपाया नियन्त्रण तथा व्यवस्थापन कार्यविधि भन्ने सम्झनु पर्दछ ।

(थ) “वडा समिति” भन्नाले वडामा निर्वाचित वडा सदस्यहरु रहेको समितिलाई सम्झनु पर्दछ ।

## परिच्छेद-२

## छाडा चौपाया व्यवस्थापन समिति

३) नगर क्षेत्रमा रहेको छाडा चौपाया व्यवस्थापनका लागि देहाय बमोजिम एक नगरस्तरीय व्यवस्थापन समिति रहने छ । त्यस्तो व्यवस्थापन समितिमा देहाय बमोजिमका पदाधिकारी संयोजक तथा सदस्य रहनेछन् ।

क) नगर उप प्रमुख -संयोजक

ख) कार्यपालिकाले तोकेका कार्यपालिकाका सदस्यहरु मध्ये २ जना -सदस्य

ग) बराहक्षेत्र नगरपालिकामा कार्यरत कृषि शाखा प्रमुख -सदस्य

घ) बराहक्षेत्र नगरपालिका अन्तर्गतको वन कार्यालयको प्रमुख - सदस्य

ङ) बराहक्षेत्र नगरपालिकाको पशु सेवा शाखा प्रमुख -सदस्य सचिव

व्यवस्थापन समितिको बैठकमा आवश्यकता अनुसार नगरपालिकाका पदाधिकारी तथा कर्मचारी र अन्य संघ/संस्थाको पदाधिकारी वा विज्ञलाई आमन्त्रण गर्न सक्नेछ ।

**४) छाडा चौपाया नियन्त्रण तथा व्यवस्थापन समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।**

क) छाडा चौपाया व्यवस्थापनका लागि नीति तथा योजनाको तर्जुमा गर्ने ।

ख) नगर क्षेत्र भित्र छोडिएका छाडा चौपायाहरुलाई नगरपालिका क्षेत्रभित्र पालन तथा चरन क्षेत्र तोक्ने ।

ग) नगरपालिका क्षेत्र भित्र पालेका घरपालुवा र छाडा चौपायाहरुको तथ्याङ्क (लगत) संकलन गरी अध्यावधिक गर्ने र वडा समितिहरुलाई सो कार्यमा सकृय गराउने । वडा समितिले यो कार्यविधि लागू भएको तीन महिना भित्र आ-आफ्नो वडा भित्र रहेको चौपायाहरुको एकिन तथ्याङ्क तयार गरी वडा कार्यालयमा पेश गर्न लगाउने ।

घ) चौपायाहरुको तथ्याङ्क (लगत) संकलन गरी घरपालुवा जनावरको दर्ता र पहिचानका लागि ट्याग (निश्चित पहिचान चिन्ह) लगाउने कार्यको व्यवस्था मिलाउने ।

ङ) समितिले छाडा चौपाया पालनका लागि लाग्ने लागत, पूर्वाधार लगायतका आवश्यकताहरुको पहिचान गरी कार्यन्वयन गराउने ।

च) छाडा चौपाया राखिने कान्जी हाउसको पूर्वाधार तथा व्यवस्थापन, वडा समितिले राखेको दर्ता अभिलेख लगायतको अनुगमन गर्ने ।

## परिच्छेद-३

## छाडा पशु पक्राउ गर्ने प्रकृया

**५. छाडा चौपाया देहाय बमोजिमको प्रकृयाद्वारा पक्राउ/दाखिला गरिनेछ ।**

क) नगरपालिका क्षेत्रभित्र छाडा छोडिएका चौपायाहरुलाई कार्यालयबाट खटिइएको टोलीले पक्राउ गरी कान्जी हाउससम्म ल्याइने छ । छाडा छोडिएका चौपायाहरुलाई टोली बाहेकका अन्य कुनै व्यक्तिले समेत पक्राउ गरी कान्जी हाउसमा बुझाउन सक्नेछ ।

ख) छाडा चौपाया पक्राउ गरे पश्चात तुरुन्तै सोही स्थानमा र अन्य सार्वजनिक स्थलमा अनुसूची -१ बमोजिम सूचना गरिनेछ ।

ग) पक्राउ गरिएको छाडा चौपायालाई चिन्न सक्ने गरी अनुसूची -२ बमोजिम अभिलेख राख्ने व्यवस्था मिलाइने छ ।

**६. छाडा चौपायाको वर्गिकरण**

क) राँगा, भैसी, पाडा, पाडी

ख) गाई, गोरु, बाच्छा, बाच्छी

ग) बाखा, खसी, बोका, पाठा, पाठी

घ) सुँगुर, बंगुर, पाठा, पाठी

**७. पक्राउ भएको पशु सुरक्षित राख्नु पर्ने :**

कान्जी हाउसले नियन्त्रणमा लिएको छाडा चौपायालाई टोलीबाट नियन्त्रणमा लिई अभिलेख कायम गरी चौपायाधनीले छुटाई नलगे एवं लिलाम प्रकृया पुरा नभएसम्म कान्जी हाउसले

आवश्यक घाँस, दाना, पानी तथा आहाराको व्यवस्था मिलाई कान्जी हाउसमा सुरक्षित तवरले पशुको रेखदेख एवं सुरक्षा प्रबन्ध मिलाउनु पर्नेछ। कान्जी हाउसमा राखेको चौपाया कारणवश मरेमा मुचुल्का उठाई अभिलेखबाट लगत कट्टा गरिने छ । जसको क्षतिपूर्ति उपलब्ध गराइने छैन ।

## परिच्छेद-४

## वडास्तरीय व्यवस्थापन समिति

**८. छाडा चौपाया व्यवस्थापनका लागि देहाय बमोजिमको वडास्तरीय व्यवस्थापन समिति रहने छ ।**

क) सम्बन्धित वडाको वडा अध्यक्ष - संयोजक

ख) सम्बन्धित वडाको वडा सदस्यहरु ४ जना - सदस्य

ग) सम्बन्धित वडाको कार्यपालिका सदस्य - सदस्य

घ) वडा सचिव - सदस्य सचिव

उपरोक्त बमोजिमको समितिको बैठकमा वडा स्तरका सम्बन्धित व्यक्तिहरुलाई आमन्त्रण गर्न सकिने छ ।

**९. वडा समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ ।**

१) टोल विकास समिति लगायतका अन्य समिति तथा संघ/संस्थाहरुसँगको सहकार्य र समन्वयमा वडा भित्र रहेका सम्पूर्ण चौपायाहरुको जन्म, मृत्यु, खरिद, विक्री लगायतको अद्यावधिक अभिलेखको विवरण तयार गर्ने ।

२) आफ्नो वडा भित्र रहेका छाडा छोडिएका पशु चौपायाहरुलाई छोड्ने नियन्त्रण गर्ने र छाडेको चौपायाहरुको व्यवस्थापन गर्ने व्यवस्था मिलाउने ।

३) वडा भित्र छाडा छोडिएका चौपाया व्यवस्थापनका लागि आवश्यक पर्ने जग्गाको पहिचान गर्ने ।

४) यस कार्यविधि बमोजिम नगर स्तरमा गठित छाडा चौपाया व्यवस्थापन समितिले दिएको निर्देशनको पालना गर्नु ।

५) वडा समितिले आ-आफ्नो वडामा घरमा पालिएका चौपायाहरुको जन्म, मृत्यू, खरिद तथा विक्री सहितको अभिलेखिकरण तयारी गरी राख्ने ।

६) अद्यावधिक भैसकेका चौपायाहरु एक वडाबाट अर्को वडामा वा नगरपालिका वाहिर अन्यत्र विक्री वितरण वा स्थानान्तरण गर्दा अनिवार्य रुपमा वडा समितिको सिफारीस अनुसार गराउने व्यवस्था मिलाउने । यसरी वडा समितिले सिफारीस गर्दा निःशुल्क गर्ने व्यवस्था मिलाउने ।

७) एक वडाबाट अर्को वडा वा नगरक्षेत्र वाहिर चौपाया स्थानान्तरण/विक्री वितरण भएको अभिलेखमा जनाई वडा समितिले सिफारीस गर्नुपर्नेछ ।

८) आफ्नो वडा कार्यालय वाहिरबाट आफ्नो वडामा खरिद भई आएका चौपायाको अद्यावधिक विवरण तयार गर्ने ।

९) वडा समितिले आवश्यक ठानेमा वडा पशुपालन तथा व्यवस्थापन समितिको गठन गरी छाडा चौपाया नियन्त्रण तथा पालनको व्यवस्था मिलाउन सक्नेछ ।

१०) नगर क्षेत्र भित्र वेवारिसे रुपमा छोडिएका चौपायाहरुलाई नियन्त्रणमा लिई नगरपालिकाबाट पालनक्षेत्र भनि तोकिएको क्षेत्रमा लाने व्यवस्था मिलाउने ।

११) नगरपालिकाबाट तोकिए बमोजिम चरण क्षेत्रमा तारवार, घेरवार गर्ने, पशु आहारका लागि चाहिने आवश्यक घाँस, डालेघाँस, रुख विरुवाहरु लगाई उपभोगको व्यवस्था मिलाउने छ ।

१२) चरनक्षेत्रमा चरन नभएको, नपुग हुने अवस्था र चरन नहुने मौसमका लागि सुख्खा तथा हरियो घाँस पराल खरिद गर्नु पर्ने भएमा सो पालन गर्ने संस्था व्यक्तिलाई आवश्यक व्यवस्था मिलाउन सहयोग गर्ने ।

१३) छाडा चौपायाको पालन तथा व्यवस्थापनका लागि चाहिने आवश्यक जनशक्ति पालन गर्ने संस्था वा व्यक्तिले दुई पक्षिय सम्झौता बमोजिम व्यवस्था मिलाउने छ तर नगरपालिकाले आफै व्यवस्था गर्नु पर्ने भएमा चाहिने जनशक्ति करारमा राख्ने व्यवस्था मिलाउनु पर्नेछ ।

१४) नगरपालिका आफैले व्यवस्थापन गर्नु पर्ने अवस्थामा वडा समितिबाट तोकी जिम्मेवारी पाएको सदस्यले सो छाडा चौपायाहरुको रेखदेख र पालन गर्ने जनशक्तिलाई परिचालन गर्नु पर्नेछ ।

१५) नगरपालिका आफै व्यवस्थापन गर्नु पर्ने अवस्थामा नगरपालिकामा जनशक्ति उपलब्ध भएको अवस्थामा सोही स्तरको उपलब्ध जनशक्तिलाई पनि उपयोग गर्न सक्नेछ ।

१६) पालन क्षेत्रमा पालिएका चौपायाहरु तथा चौपायाहरुबाट उत्पादित चिजवस्तु विक्री वितरण नगरपालिकाले तोके बमोजिम हुनेछ ।

१७) छाडा चौपायाको व्यवस्थापन गर्ने आवश्यक पर्ने कान्जी हाउस निर्माणका लागि सार्वजनिक सरकारी वन, पर्ती जमिन, सामुदायिक वन, खोला नदि किनार, तटिय क्षेत्र आदि खोजी व्यवस्थापन गर्ने सो हुन नसकेमा जमिन भाडामा लिई नगरपालिकाले त्यसको व्यवस्थापन गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।★ र तोकिएको स्थानमा कान्जी हाउस निर्माण भएपछि बार्षिक रुपमा ठेक्का लगाई कुनै व्यक्ति, संघ संस्थालाई सम्झौता गरि जिम्मा दिनुपर्नेछ ।

## परिच्छेद -५
## चौपायाधनीको काम, कर्तव्य र अधिकार

**१०. चौपायाधनीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।**

क) आफ्नो घरमा पालेको घरपालुवा जनावरको पालन पोषण गर्ने/गराउने ।

ख) आफ्नो घरमा पालेका चौपायाको जन्म, मृत्यु, विक्री वितरणको विवरण नियमित रुपमा वडा समितिमा उपलब्ध गराउने ।

---

★ मिति २०७६।०८।१३ को पहिलो संशोधन सहित ।

ग) आफु बसोबास गरेको वडा बाहेक अन्यत्र स्थानबाट चौपायाहरु खरिद गर्दा वडा समितिको अनुमति लिएर मात्र गर्ने ।

घ) वडा भित्र रहेका छाडा चौपायाको व्यवस्थापनका लागि वडा कार्यालयलाई आवश्यक सहयोग गर्ने/गराउने ।

ङ) कसैले आफ्नो वडाभित्र चौपाया छाडा छोडेमा त्यसको जानकारी सम्बन्धित वडाको वडा समितिलाई दिने ।

## परिच्छेद-६
## व्यवस्थापनका लागि आर्थिक व्यवस्था

**११. छाडा चौपाया व्यवस्थापनका लागि आवश्यक पर्ने रकमको व्यवस्था देहाय बमोजिम हुनेछ ।**

क) स्थानीय संस्था/व्यक्तिसँग साझेदारी गरी व्यवस्थापन हुने हकमा सम्झौता बमोजिम हुनेछ ।

ख) छाडा चौपायाको कान्जी हाउस व्यवस्थापनका लागि आवश्यक पर्ने हेरालु, गौशाला मर्मत, घाँस परालको लागि ठेकेदार स्वयम्ले व्यवस्थापन गर्नुपर्नेछ ।

ग) छाडा चौपाया व्यवस्थापन समिति र मुल्याङ्कन तथा लिलाम विक्री समितिको बैठक भत्ता लिलाम विक्रीबाट प्राप्त रकमबाट कट्टा गरिनेछ । ★

## परिच्छेद-७
## दण्ड जरिवाना/पुरस्कार सम्बन्धी व्यवस्था

**१२. कसैले छाडा चौपाया छाडेमा वा व्यवस्थापनको कार्यमा असहयोग गरेमा देहाय बमोजिम दण्ड जरिवाना गरिनेछ :**

क) चौपाया धनी कसैले पनि चौपाया छोडी वा लापरवाही गरी कसैको खेतीपाती वा अन्य बालीनाली हानी नोक्सानी भएमा क्षतिको एकिन गरी सम्बन्धित चौपाया धनीबाट वडा समितिले क्षतिपूर्ति भराई दण्ड सजाय गर्न सक्नेछ ।

---

★ मिति २०७६।०८।१३ मा संशोधन सहित थप गरिएको ।

ख) पक्राउ गरिएका चौपायालाई नियन्त्रणमा राखेको तीन दिनभित्रमा पहिलो पटकको लागि देहायको जरिवाना तिरेर अनुसूची-३ बमोजिम विवरण भराई पशुधनीले छुटाई लैजान पाउनेछ ।

१) राँगा, भैसीलाई नियन्त्रणमा राखेको पहिलो दिन प्रति गोटा रु.३००।-, दोस्रो दिन ५००।-, तेस्रो दिन ७००।- पाडा पाडीको हकमा राँगा भैंसीको आधा रकम लाग्नेछ ।

२) गाई, गोरु नियन्त्रणमा राखेको पहिलो दिन प्रति गोटा रु.२००।-, दोस्रो दिन ४००।-, तेस्रो दिन ६००।- बाच्छा बाच्छीको हकमा गाई, गोरुको आधा रकम लाग्नेछ ।

३) बाख्रा, बोका, खसीलाई नियन्त्रणमा राखेको पहिलो दिन प्रति गोटा रु.५०।-, दोस्रो दिन १००।-, तेस्रो दिन २००।- पाठा पाठीको हकमा बाख्रा, बोकाको आधा रकम लाग्नेछ ।

४) सुँगुरलाई नियन्त्रणमा राखेको पहिलो दिन प्रति गोटा रु.१००।-, दोस्रो दिन २००।-, तेस्रो दिन ३००।- पाठा पाठीको हकमा सुँगुरको आधा रकम लाग्नेछ ।

ग) नगरपालिकासँग सिमामा जोडिएका वा अन्य क्षेत्रबाट कसैले पशु छोडेमा सम्बन्धित नगरपालिकासँग समन्वय गरी सम्बन्धित चौपाया धनीबाट असुल उपर गरिनेछ ।

घ) नगरपालिका क्षेत्रभित्र छाडा छोडिएका चौपायाहरुलाई पक्राउ गरी कान्जी हाउसमा उठेको रकम र लिलाम विक्रीबाट प्राप्त रकम बहाल कर कट्टा गरी ठेकेदारलाई बुझाउनुपर्नेछ । ★

ङ) परम्परागत मूल्य र मान्यता, धार्मिक तथा साँस्कृतिक आधारमा चौपायाहरुको अवहेलना हुने गरी कसैले छाडा छोडेमा त्यस्तो चौपाया धनीलाई दोस्रो पटक नगरपालिका वा वडा कार्यालयबाट प्रदान गरिने सेवा तथा सुविधाबाट बञ्चित गर्न सकिने छ ।

★ मिति २०७६।०८।१३ को पहिलो संशोधन सहित ।

## १३. थप जरिवाना तथा सोझै लिलाम विक्री गर्ने :

एकपटक नियन्त्रणमा लिई जरिवाना गरी छुटाई लगेको चौपाया धनीले दोस्रो पटक छाडा छोडेको पाइएमा नियन्त्रणमा लिई दफा १२(ख) मा उल्लेखित दिनको आधारमा लाग्ने जरिवानामा दोब्बर जरिवाना दस्तुर बुझाई एक पटकको लागि चौपाया धनीले छुटाई लैजान सक्नेछ । चौपाया धनीले तेस्रो पटक समेत छाडा छाडेको पाइएमा नियन्त्रणमा लिई सोझै दफा १४ बमोजिम लिलाम विक्री गरिनेछ ।

# परिच्छेद-८

# लिलाम विक्री सम्बन्धी प्रक्रिया

## १४. लिलाम गर्ने प्रकृया :

पक्राउ गरिएका चौपाया दफा १२ र १३ बमोजिम छुटाई नलगेमा देहायको प्रकृया अपनाई लिलाम बढाबढ गरिने छ ।

क) लिलाम गर्ने चौपायाको विवरण एवं न्यूनतम मुल्य खुलाई अनुसूची -४ बमोजिम ७ (सात) दिनको म्याद राखी सार्वजनिक सूचना प्रकाशित गरिनेछ ।

ख) लिलाम गर्ने चौपायाको न्यूनतम मुल्य तोक्ने एवं लिलाम विक्री गर्ने अधिकार निम्न समितिलाई रहनेछ ।

| | |
|---|---|
| १. प्रमुख प्रशासकिय अधिकृत | -संयोजक |
| २. पशुसेवा शाखाको प्रमुख | -सदस्य |
| ३. ईलाका प्रहरी कार्यालयको प्रमुख | -सदस्य |
| ४. नगर प्रहरी प्रमुख | -सदस्य |
| ५. प्रमुख प्रशासकिय अधिकृतले तोकेको अधिकृत | -सदस्य सचिव |

ग) अनुसूची - ५ बमोजिम चौपाया लिलाम गर्दा प्राप्त हुने रकम सम्बन्धित ठेकेदारको हुनेछ । ★

★ मिति २०७६।०८।१३ को पहिलो संशोधन सहित ।

**१५. लिलाम नभएका चौपायाको सम्बन्धमा :**

लिलाम बढाबढको प्रकृयाद्वारा लिलाम बिक्री सकार हुन नसकेको चौपायालाई दफा १४ को उपदफा (ख) बमोजिमको समितिले पुनर्मुल्याङ्कन गरी कार्यान्वयन गरिनेछ ।

## परिच्छेद-९

## विविध

**१७. हेरालु व्यवस्थापन :**

छाडा चौपाया व्यवस्थापनका लागि प्रति १५ छाडा चौपाया बराबर १ जनाको दरले हेरालु राख्ने व्यवस्था मिलाइनेछ ।

**१८. छाडा चौपाया नियन्त्रण सम्बन्धी सचेतना अभियान :**

नगरपालिकाले समय समयमा स्थानीय स्तरमा माइकिङ, पत्रपत्रिका वा रेडियो लगायत अन्य माध्यमबाट सूचना सम्प्रेषण एवं सरोकारवाला व्यक्तिहरुको सहभागितामा अभिमुखिकरण कार्यक्रम संचालन गरिने छ ।

**१९. कार्यविधि संसोधन सम्बन्धी व्यवस्था :**

कार्यविधि संशोधन गर्नुपर्ने आवश्यक भएमा छाडा चौपाया व्यवस्थापन समितिले निर्णय गरि नगर कार्यपालिका समक्ष पेश गरेमा नगर कार्यपालिकाबाट आवश्यक संशोधन हुनेछ ।

## अनुसूची -१

(कार्यविधिको दफा ५ को उपदफा (ख) सँग सम्बन्धित)

## सूचना सूचना सूचना

यो जो सँग सम्बन्धित छ ।

प्रस्तुत सम्बन्धमा यस नगर क्षेत्रभित्र छाडा छोडिएका चौपायाहरु नियन्त्रण गर्ने सन्दर्भमा देहायको विवरण अनुसारको छाडा चौपाया नगरपालिकाले मिति ............................ मा नियन्त्रणमा लिएको हुँदा आजको मितिले तीन दिन भित्रमा नगरपालिका कार्यालयमा सम्पर्क राखी जरिवाना तिरी चौपाया छुटाई लैजान हुन जानकारी गराइन्छ । अन्यथा प्रकृया अनुसार लिलाम विक्री गरिनेछ ।

चौपायाको जात :

लिङ्ग :

रङ/हुलिया :

उमेर :

तौल :

संख्या :

समातेको स्थान :

चौपायाको स्वास्थ्य अवस्था :

समातेर ल्याउने व्यक्तिको नाम, ठेगाना :

चौपाया धनीको नाम थर :

चौपाया पक्राउ गरेको पटक :

....................

टोली प्रमुख

# अनुसूची - २

(कार्यविधिको दफा ५ को उपदफा (ग) सँग सम्बन्धित)

## नियन्त्रणमा लिएको छाडा चौपाया अभिलेख विवरण खाता

| क.सं. | मिति | चौपायाको किसिम | लिङ्ग | रङ/हुलिया | उमेर | तौल अन्दाजी | संख्या | समातेको अवस्था | साक्षी | नियन्त्रणमा लिनेको नाम | चौपाया धनीको नाम | पक्राउ गरेको पटक | सही |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |

# अनुसूची - ३

(कार्यविधिको दफा १२ को उपदफा (ख) सँग सम्बन्धित)

## छाडा चौपाया बुझिलिनेको विवरण

| क.सं. | मिति | समय | बुझिलिनेको नाम थर | ठेगाना | सम्पर्क नं. | चौपायाको किसिम | संख्या | जरिवाना रकम | बुझिलिनेको हस्ताक्षर | बुझाउनेको हस्ताक्षर |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

# अनुसूची - ४

(कार्यविधिको दफा १४ को उपदफा (क) सँग सम्बन्धित)

## छाडा चौपाया लिलाम विक्रीको सूचना

| क.सं. | छाडा चौपायाको विवरण | संख्या | मुल्य प्रति गोटा | जम्मा मुल्य | सूचना प्रकाशित मिति | लिलामको मिति/समय | सामान राखिएको स्थान | न्युनतम १०% ले हुन आउने | सकार गर्नुपर्ने मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

बराहक्षेत्र नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चक्रघट्टा, सुनसरी
कोशी प्रदेश, नेपाल

# अनुसूची - ५

(कार्यविधिको दफा १४ को उपदफा (ग) सँग सम्बन्धित)

## छाडा चौपाया लिलाम बढाबढ फाराम

बराहक्षेत्र नगरपालिका कार्यालयबाट मिति ........................... मा प्रकाशित छाडा चौपाया लिलाम बढाबढ सम्बन्धी सूचना अनुसार नगरपालिकाको कान्जी हाउसमा रहेको छाडा चौपाया लिलाम बढाबढ प्रकृयाद्वारा विक्री गर्न न्यूनतम मुल्य रु. ...................... राखिएकोले आज मिति ....................... गते दिन ................बजे .......................... मा बसी लिलाम बढाबढ प्रकृया निम्मानुसार व्यक्तिहरु सहभागी भई तपसिल बमोजिम बोल कबोल भयो ।

| क.सं. | कबोल गर्ने व्यक्तिको नाम, थर | ठेगाना | चौपायाको किसिम | चौपायाको संख्या | कबोल रकम रु. | धरौटी ५% नगद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

बराहक्षेत्र नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चक्रघट्टा, सुनसरी
कोशी प्रदेश, नेपाल

**प्रमाणिकरण गर्नेको :**

**दस्तखत :**

**नाम थर :** विदुर प्रसाद खनाल

**दर्जा :** प्रमुख प्रशासकीय अधिकृत

**पृष्ठ संख्या :** १६

**मिति :**

**कार्यालयको छाप :**